थापाथली, काठमाडौं
फोन : ०१५७१९६६२
Ext : ३३२६/३३१२/३३०८
E-mail : omo@nrb.org.np
Website : www.nrb.org.np

**नेपाल राष्ट्र बैंक**
**मौद्रिक व्यवस्थापन विभाग**

पत्रसंख्या : मौव्यवि/ विविध/२०८३/८४
च.नं.:७८

मिति :- २०८३/०५/०८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका सबै बैंक तथा वित्तीय संस्थाहरु,**

**विषयः- ब्याजदरसम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

महाशय,

नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७८ (छैटौं संशोधन, २०८३) बमोजिम निक्षेप संकलन उपकरण, नेपाल राष्ट्र बैंक ऋणपत्र र ब्याजदर करिडोर अर्न्तगतको स्थायी निक्षेप सुविधाका लागि स्वदेशी मुद्राको बचत तथा मुद्दती निक्षेपमा प्रदान गर्न प्रकाशित ब्याजदर काउण्टरपार्टी (उक्त विनियमावलीमा तोकिएका बैंक तथा वित्तीय संस्थाहरु) को योग्यताका आधारहरु मध्ये महत्वर्पूण आधार रहेको व्यहोरा तहाँलाई विदितै छ ।

यस बैंकद्वारा जारी एकीकृत निर्देशन, २०८२ को इ.प्रा.निर्देशन नं. १५/०८२ मा रहेको ब्याजदर सम्बन्धी व्यवस्थामा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा सम्बन्धित वर्गका सबै संस्थाले अघिल्लो महिना प्रकाशन गरेको अधिकतम ब्याजदरको औसत तथा न्यूनतम ब्याजदर (कलनिक्षेप बाहेक) को औसतमा बढीमा १० प्रतिशतले मात्र परिवर्तन गरी ब्याजदर निर्धारण गर्न सक्ने, निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिने, आगामी महिनाको लागि निक्षेपमा (स्वदेशी तथा विदेशी मुद्रा) लागु हुने ब्याजदरसम्बन्धी सूचना नेपाली महिना शुरु हुनुपूर्व प्रकाशित गरिसक्नुपर्ने, ब्याजदर प्रकाशन गर्दा ग्राहकमा कुनै किसिमको भ्रम सिर्जना नहुने गरी अनिवार्य रुपमा वार्षिक ब्याजदर प्रतिशत प्रकाशित गर्नुपर्ने, निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर संशोधन गर्ने वा चल्ती तथा बचत खातामा कायम गर्नुपर्ने न्यूनतम मौज्दात रकममा थपघट गर्ने निर्णय गरेमा सो निर्णय भएको लगत्तै र साविककै ब्याजदर कायम रहने अवस्थामा समेत मासिक रुपले राष्ट्रियस्तरको पत्रपत्रिकामा र बैंक तथा वित्तीय संस्थाको वेबसाईटमा प्रकाशन गरी सर्वसाधारण निक्षेपकर्ताहरुलाई सूचित गर्नुपर्ने व्यवस्था रहेको सन्दर्भमा आगामी महिनाको लागि प्रकाशित हुने वार्षिक ब्याजदर सम्बन्धी सूचनाको छविचित्रमा आधिकारीक दस्तखत गरेर संस्थाको छाप लगाई आगामी नेपाली महिना शुरु हुनुपूर्वनै यस विभागको ईमेल mmd@nrb.org.np मा अनिवार्य रुपमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**बोधार्थ :**

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।

भवदीय

(दयाराम शर्मा पंगेनी)
कार्यकारी निर्देशक